**संघीय संसद**

# राष्ट्रिय सभा

**चौथो अधिवेशन**

## बैठक -२

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ बैशाख २० गते शुक्रबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको दोस्रो बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा अपरान्ह ६:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई सम्वत् २०७६ बैशाख २० गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुबै सदनको संयुक्त बैठकलाई गर्नु भएको सम्बोधनको प्रति सभामा टेबुल गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय दिनानाथ शर्मालाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (२) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुबै सदनको संयुक्त बैठकलाई गर्नु भएको सम्बोधनको लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिदै उक्त प्रस्तावको समर्थन गर्न माननीय वृषेशचन्द्र लाललाई समय दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त धन्यबादको प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

त्यसपश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुबै सदनको संयुक्त बैठकलाई गर्नु भएको सम्बोधनमाथि छलफल गर्न यहि मिति २०७६ बैशाख २३ र २४ गतेका दिनहरु निर्धारण गरिएको व्यहोरा जानकारी गराउदै सो दिनहरुमा आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुको नाम दलिय प्रतिनिधित्वको आधारमा सम्वन्धित दलिय पदाधिकारीहरुले बैठक प्रारम्भ हुनु १ घण्टा अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा)मा उपलब्ध गराईदिनहुन जानकारी गराउँनु भयो । साथै उक्त नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम माथि संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले सोको सूचना यहि २०७६ बैशाख २२ गते विहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा दिन सक्ने जानकारी गराउनु हुदै संशोधनको सूचना फाराम पनि सोही शाखाबाट उपलब्ध हुने व्यहोरा समेत जानकारी गराउँनु भयो ।

तदनन्तर, सभाको अर्को बैठक २०७६ साल बैशाख २३ गते सोमबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ६:३० बजे आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव